☎०७८-५४०१७०, ५४११९६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं. २०८०/८१
च.नं.

काबासोती नगरपालिका नगर कार्यपालिकाको कार्यालय (बर्दघाट सुस्ता पूर्व) शिवमन्दिर, नवलपरासी गण्डकी प्रदेश, नेपाल स्था. २०७१

## प्रस्ताव आव्हानको सूचना।
(प्रथम पटक सूचना प्रकाशन मितिः २०८०/११/३०)

कावासोती नगरपालिकाको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम र आर्थिक विकास समितिको मिति २०८०/११/०३ गतेको निर्णयानुसार देहायका कार्यक्रमहरु पशुपन्छी विकास कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८० बमोजिम लागत सहभागितामा सञ्चालन गर्न ईच्छुक व्यवसायिक फार्म, कृषक, समुह, कम्पनि, निजी उद्यमी र सहकारीहरुले यो सूचना प्रकाशन भएको १५ दिन भित्र कार्यालय समयमा प्रस्ताव पेश गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.स. | कार्यक्रमको नाम | आवश्यक कागजात तथा शर्तहरु |
|---|---|---|
| १ | ७५ प्रतिशत अनुदानमा पशुपन्छी तथा मत्स्य यान्त्रिकरण सहयोग कार्यक्रम | १. पशुपन्छी तथा मत्स्य व्यवसायमा आवश्यक पर्ने यान्त्रिकरण सामाग्री माग गर्न सकिनेछ।<br>२. २५ प्रतिशत लागत सहभागिता प्रतिवद्धता पत्र पेश गर्नुपर्नेछ। |
| २. | ५० प्रतिशत अनुदानमा मासु पसल सुधार कार्यक्रम | १. युवा, मासु बिक्रि वितरणमा संलग्न वा नयाँ मासु पसल खोल्न चाहेका मासु उद्यमी वा व्यवसायीलाई प्राथमिकता दिईने छ।<br>२. आवेदकले दैनिक कम्तिमा १५ किलो मासु बिक्रि वितरण गरिरहेको हुनुपर्नेछ।<br>३. ५० प्रतिशत लागत सहभागिता प्रतिबद्धता पत्र पेश गर्नुपर्नेछ। |
| ३. | माछापालक कृषकहरुलाई माछा भुरा अनुदान | १. माछापालन अनुदान कार्यक्रम सन्चालन (पहिलो संशोधन) कार्यविधि, २०८० को अनुसूची २ अनुसारको निवेदन।<br>२. भुराको प्रजाती सरकारी फार्ममा उपलब्धताका आधारमा शत प्रतिशत अनुदानमा उपलब्ध गराईनेछ। |

**थप आवश्यक कागजातहरु:**

३. ईच्छुक व्यवसायिक फार्म, कृषक, समुह, कम्पनि, निजी उद्यमी, सहकारीहरुले पशुपन्छी विकास कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८० को अनुसूची २ र ४ अनुसारका निवेदन र कार्ययोजना।
४. सम्बन्धित वडा कार्यालयबाट दोहोरो सुविधा नलिएको वा नहुने बारेको सिफारिस पत्र।
३. आवेदकको नेपाली नागरिकताको प्रतिलिपि।
४. आवेदक सम्बन्धित सरकारी निकायमा दर्ता/नविकरण भएको प्रमाणको प्रतिलिपि।
५. PAN र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
६. समूह/समिति/सहकारीहरुको हकमा कार्यक्रम सञ्चालन सम्बन्धी निर्णयको प्रतिलिपि र कार्यसमिति पदाधिकारीहरुको नामावली र लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि।
७. यसै प्रकृतिको कार्यका लागि विगत २ वर्षमा अनुदान नलिएको स्व-घोषणा पत्र।

**नोटः** आवेदकहरुले निवेदन र संक्षिप्त कार्ययोजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयको वेवसाईट *www.kawasotikrishi.gov.np* बाट डाउनलोड गर्न वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नं. ०७८-५४०१७० मा सम्पर्क गर्न सकिनेछ।

**बोधार्थ**
श्री नगर प्रमुखज्यू/ नगर उपप्रमुखज्यूको सचिवालय, कावासोती नगरपालिकाः सादर अवगतार्थ
श्री सूचना प्रविधि शाखाः सूचना वेवसाईटमा राख्ने र सबै वडा कार्यालयहरुलाई ईमेल गर्नुहुन।
श्री पशु सेवा केन्द्र, अग्यौलीः सूचना अनुसारका आवेदन संकलन गर्नुहुन।

लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत